annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २४१ पृष्ठ ८ | काठमाडौं, आइतबार २१ पुस २०८१ | पौष शुक्लपक्ष षष्ठी नेपाल संवत् ११४५ | SUNDAY, JANUARY 5, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी



# १०औं राष्ट्रिय खेलकुदको प्रतीक्षामा

कर्णालीको राजधानी सुर्खेत पुग्ने जो कोही पनि चिटिक्कको रंगशाला देख्दा मन्त्रमुग्ध हुन्छन्। अब भने चैतमा राष्ट्रिय खेलकुद प्रतियोगिता हुनेमा विश्वास गर्छन्। सुर्खेत मात्र होइन, प्रदेशभरि नै राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी भइरहेको छ। अर्थात्, राष्ट्रिय खेलकुद उत्सवको पर्खाइमा कर्णाली छ।

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

– को रिपोर्ट

समाचार पृष्ठ २

निर्माणको अन्तिम चरणमा रहेको सुर्खेतस्थित प्रदेश रंगशाला। ● बिस्नप्रसाद न्यौपाने

## म्यान्माको सैनिक सरकारद्वारा ६ हजार कैदीलाई आममाफी



**म्यान्मा** (एजेन्सी) : म्यान्मारको जुन्टा सरकारले देशको स्वतन्त्रता दिवसको उपलक्ष्यमा वार्षिक आममाफीअन्तर्गत करिब ६ हजार कैदीलाई रिहा गर्ने शनिबार घोषणा गरेको छ। म्यान्मारमा सन् २०२१ को फेब्रुअरीमा भएको 'कू' पछि सेनाले हजारौं प्रदर्शनकारी र अधिकारकर्मीलाई पक्राउ गरिसकेको छ।

म्यान्मा ७७ वर्ष पहिले बेलायती औपनिवेशिक शासनबाट जनवरी ४ मा स्वतन्त्र भएको थियो। स्वतन्त्रता दिवसको अवसरमा शनिबार १ सय ८० विदेशीसहित ५ हजार ८ सयभन्दा बढी कैदीलाई रिहा गरिने जुन्टा सरकारले जनाएको छ।

आममाफीमा सामेल भएकामध्ये करिब ६ सय जनालाई दण्ड संहिताको धारा ५०५ (ए) अन्तर्गत सजाय सुनाइएको जुन्टाका प्रवक्ता जाउ मीन तुनले सञ्चारमाध्यमलाई दिएको अडियो वक्तव्यमा उल्लेख छ।

कानुनले सेनालाई कमजोर पार्ने कुनै पनि कार्यलाई निषेध गरेको छ र बढीमा तीन वर्षको जेल सजायको व्यवस्था गरेको छ। माफी दिइएका विदेशीमध्ये अधिकांश थाइल्यान्डका नागरिक रहेको र उनीहरूलाई सीमामा रहेको क्यासिनोमा पक्राउ गरिएको उनले बताए।

सेनाले मानवीय र अनुकम्पाको आधारमा माफीको आदेश दिएको जनाएको छ। जुन्टाले आजीवन कारावासको सजाय सुनाइएका १ सय ४४ जनाको सजाय घटाएर १५ वर्षमा झार्ने पनि घोषणा गरेको छ।

म्यान्माले कैदीहरूलाई बिदा वा बौद्ध चाडहरूको उपलक्ष्यमा आममाफी दिने गरेको छ। गत वर्ष जुन्टा सरकारले स्वतन्त्रता दिवसको अवसर पारेर ९ हजारभन्दा बढी कैदीलाई रिहा गर्ने घोषणा गरेको थियो।

राजधानी न्यापितमा शनिबार आयोजित वार्षिक स्वतन्त्रता दिवस समारोहमा करिब ५ सय सरकारी तथा सैन्य उपस्थिति थियो। कार्यक्रममा उपस्थित नभएका जुन्ता प्रमुख मीन आङ ह्लाइङले दिएको सम्बोधनलाई उपसेना प्रमुख सोइ विनले सम्बोधन गरेका थिए।

## चोरीको बालुवा, स्थानीय र प्रहरीबीच सधैं लफडा

**हरि शर्मा** | *परासी*

जिल्लाको सुस्ता सीमा क्षेत्रमा प्रहरी र स्थानीयबीच सधैं लफडा हुन्छ- नदीबाट चोरी हुने बालुवाका विषयमा। नारायणी नदीबाट चोरी हुने बालुवालाई प्रहरीले समात्छ, स्थाानीय त्यसको विरोधमा उत्रन्छन्। अनि, यो क्षेत्रमा सधैंजसो प्रहरी र स्थानीयबीच लफडा भइरहन्छ।

नदीबाट बालुवा चोरेर बोक्दै गरेका ट्रकलाई सशस्त्र, नेपाल प्रहरी र नगर प्रहरीको संयुक्त टोलीले समात्ने गरेका छन। तर, प्रहरीले समातेका ट्रक छुटाउन बालुवाका कारोबारीहरूले केही स्थानीयलाई प्रयोग गरी प्रहरीलाई घेरा हाल्न पठाउने गरेको पाइएको छ। सुरक्षाकर्मीभन्दा स्थानीयको संख्या धेरै हुने गरेपछि ट्र्याक्टरलाई प्रहरीले त्यसै छोडिदिने गरेका छन्। नदीबाट बालुवाहरू भर्दै कारोवारीहरूले ट्रकलाई सीमा नाका हुँदै भारततर्फ पठाउने गरेका छन्।

केही दिनअघि सुस्ताको रेवारेतामा बालुवा चोरी गरेर लैजाँदै गरेको अवस्थामा प्रहरीले ट्र्याक्टर समातेको थियो। तर, स्थानीयले घेरा हालेर सुरक्षाकर्मीबाट फुत्काएर लगेको सुस्ता गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत



हुमलाल भुसालले बताए।

'नदीजन्य पदार्थ बोकेर आएका ट्र्याक्टरलाई समात्नेबित्तिकै केही स्थानीयहरू घरेलु हतियारसहित प्रहरीलाई घेर्न आउँछन्। स्थानीयको जमात ठूलो देखेपछि प्रहरीको टोली त्यसै छाडेर हिँड्ने गरेका छन्,' भुसालले भने, 'यसले नदीजन्य पदार्थको चोरी नियन्त्रण गर्न समस्या भएको छ।'

चोरी सामान पक्राउ गर्दा अवरोध गर्नेमध्येका नाइकेलाई प्रहरी प्रशासनले कारबाही नगर्दा सधैं सीमा क्षेत्रबाट हुने नदीजन्य पदार्थको चोरी कार्यलाई नियन्त्रण गर्न नसकिएको भुसालको भनाइ छ।

चोरी गरी भारततर्फ लैजान लागेको अवस्थामा शनिबार बिहान सुस्ताको वनकट्टी सीमा क्षेत्रबाट ५ ट्र्याक्टर बालुवा नियन्त्रणमा लिइएका थिए। सशस्त्र, नेपाल प्रहरी र नगर प्रहरीको संयुक्त टोलीले उक्त बालुवा नियन्त्रणमा लिएको हो। प्रहरी गस्तीलाई देखेपछि ट्र्याक्टर भागेको र बालुवा भरेको टाली मात्र छाडेर गएको बताइएको छ।

उक्त बालुवा वनकट्टी सीमा हुँदै भारतको बहुबार लैजान लागिएको स्थानीयले बताएका छन्। बालुवा नियन्त्रणमा लिएपछि केही स्थानीयहरूले बालुवा छोडाउन सुरक्षाकर्मीलाई अवरोध गरेको सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट (बीओपी) बलिनगरका निरीक्षक सुवास अधिकारीले बताए। 'सीमा क्षेत्रमा बालुवा पक्राउ गर्दा सधैं लफडा हुने गरेको छ। तैपनि हामीले सकेसम्म ल्याउने प्रयास गरेका छौं। आज पनि त्यस्तै भयो,' अधिकारीले भने।

पक्राउ परेका ५ टाली बालुवामध्ये २ वटा टालीको टायरको हावा खोलेका कारण ३ टाली बालुवा मात्र नियन्त्रणमा लिन सकिएको सशस्त्र प्रहरी निरीक्षक अधिकारीले बताए। त्यसरी ल्याइएका बालुवालाई रामनगर प्रहरी चौकीमा राखिएको छ। टाली बोक्ने ट्र्याक्टरबारे सोधपुछ भइरहेको प्रहरीले जनाएको छ।

» बाँकी पृष्ठ ६

## विश्वको सबैभन्दा वृद्ध इटोकाको ११६ वर्षको उमेरमा निधन



**टोकियो** (एजेन्सी) : विश्वकै सबैभन्दा वृद्ध जापानी महिला टोमिको इटोकाको ११६ वर्षको उमेरमा निधन भएको आशिया सहरले शनिबार घोषणा गरेको छ।

चार छोराछोरी तथा पाँच नातिनातिना भएको इटोकाको नर्सिङ होममा मृत्यु भएको दक्षिणी सहरका मेयरले जानकारी दिए। उनको जन्म आशिया नजिकैको ओसाकाको वाणिज्य केन्द्रमा सन् १९०८ मे २३ मा भएको थियो।

स्पेनकी मारिया ब्रान्यास मोरेराको ११७ वर्षको उमेरमा अगस्ट सन् २०२४ मा मृत्यु भएपछि इटोकालाई विश्वको सबैभन्दा वृद्ध व्यक्तिको रूपमा मान्यता दिइएको थियो।

## कहाँबाट जाने सुक्खा बन्दरगाहसम्म ?

**महादेव अवस्थी** | *महेन्द्रनगर*

दोधारा चाँदनीमा निर्माणाधीन सुक्खा बन्दरगाहका लागि महाकाली नदीमा चार लेनको पक्की पुल र पहुँचमार्ग बनिसकेको छ। पूर्व-पश्चिम राजमार्गको अन्तिम बिन्दु गड्डाचौकीदेखि दोधारा-चाँदनी-१ (सुक्खा बन्दरगाहस्थल) मलेरिया नालासम्म ६ लेनको आठ किलोमिटर लामो सडक निर्माण भएको हो। त्यस क्षेत्रमा पुल, सडकसहित पोखरी बनाउने सम्झौता भएको थियो। पर्यटकीय गन्तव्य बनाउन पुलको दुवैतर्फ २६ सय मिटर लम्बाइका दुइटा पोखरी निर्माणाधीन अवस्थामा छन्। तर, पोखरी निर्माणका लागि महाकाली नदीमा बाँध बन्न सकेको छैन।

बाँध निर्माण नहुँदा ०७८ सालमा महाकाली नदीमा आएको बाढीले पहुँच मार्ग (भाइरल रोड) भत्काएको थियो। सुरुमा २ सय ५० किलोग्रामभन्दा बढी तौलका ढुंगाको प्रयोग गरेर पुलको दुवैतर्फ पोखरीको गाइडबन्ड (बाँध) बनाउने डिजाइन थियो। तर, ठूलो ढुंगा नपाइएपछि ग्याबिन जाली र प्लम्ब कंक्रिटको प्रयोग गरी बाँध निर्माण गरियो। उक्त बाँध गत वर्ष भदौको बाढीले भत्कायो। त्यसैकारण महाकाली पुल योजना कार्यालयले दुईपटक उक्त बाँधको डिजाइन परिवर्तन गरिसकेको छ।

त्यस क्षेत्रमा महाकाली नदीको चौडाइ २ किलोमिटर छ। ८ सय मिटर पुल निर्माण गरिएको



छ। दुवैतर्फ २६ सय मिटर लम्बाइ र ६ सय मिटर चौडाइका पोखरी निर्माणाधीन छन्। पुलको उत्तरतर्फ रहेको भीमदत्त नगरपालिकातिरको बाँध बाढीले भत्काएको थियो। त्यस क्षेत्रमा बाँधको काम हुन सकेको छैन।

बाढीले बाँध भत्काएपछि प्लम्ब कंक्रिटको सट्टा कंक्रिटकै बाँध निर्माण गर्नुपर्ने विषयमा छलफल भइरहेको प्राविधिकहरू बताउँछन्। महाकालीको बहाव ४ लाख ६१ हजार क्युसेक पुग्दा बाढीले करिब २ सय मिटर बाँध भत्काएको थियो। तीन वर्षअघि महाकालीमा ५ लाख ४७ हजार क्युसेक पानीको बहाव थियो। त्यतिबेला पनि बाढीले पहुँच मार्ग भत्काएर बाढी गाउँ पसेको थियो। भिनपा ११, १२ र १३ नम्बर वडा डुबानमा परेका थिए। अहिले पनि समयमा बाँध निर्माण हुन नसके पुलको पहुँच मार्ग भत्काएर महाकाली नदी गाउँ पस्ने खतरा छ।

त्यतिबेला पनि पुलको डिजाइनमै समस्या भएको भन्दै आलोचना गरिएको थियो। पोखरीको बाँध भत्किएको विषयमा निर्माण कम्पनी र पुल आयोजना दुवैले अध्ययन गरेर प्रतिवेदन बनाएका छन। समयमा डिजाइन स्वीकृत नहुनु, बजेट निकासा र भेरिएसन नहुँदासमेत निर्माण कम्पनीले काम गर्न नसकेका कारण बाँध भत्केको पुल योजना कार्यालयले जनाएको छ।

महाकाली पुल योजना कार्यालयका सव-इन्जिनियर दुर्गादत्त अवस्थीले भत्किएको गाइडबन्ड (बाँध) समयमै पुर्ननिर्माण नभए आउँदो वर्षातमा थप जोखिम निम्तिने बताए। 'गाइडबन्डको भेरिएसन नहुँदा निर्माण कम्पनीले काम गर्न पाएको छैन,' उनले भने, 'वैशाख अगाबै बाँध निर्माण नभए यहाँ बनेका अन्य संरचनामा पनि क्षति पुग्ने जोखिम छ।' भेरिएसनका लागि कार्यालयबाट फाइल मन्त्रालयमा पुगिसकेको उनले बताए।

पुल निर्माण कम्पनी कुमार श्रेष्ठ सीएफईसी जेभीका इन्जिनियर किशोर पाण्डेयले परिवर्तित डिजाइनको भेरिएसन नहुँदा काम सुरु गर्न नसकिएको बताए। 'नयाँ डिजाइन गत वर्ष चैतमै स्वीकृत भएको हो, तर अहिलेसम्म भेरिएसन भएको छैन, 'इन्जिनियर पाण्डेयले भने, 'भेरिएसनका लागि पटक-पटक ताकेता गर्दा पनि टुंगो लाग्न सकेको छैन।'

उनले समयमै भेरिएसन नहुँदा महाकाली नदीमा बाढीले ठूलो नोक्सान हुन सक्ने बताए। 'नयाँ डिजाइन स्वीकृत हुनेबित्तिकै भेरिएसन हुने आशामा गाइडबन्डको काम गरियो, महाकालीको बाढीले गाइडबन्ड नै बगाएपछि १० करोड बढीको क्षति भएको छ,' उनले भने, 'हामीले सरकारको आशामा उधारोमा काम गर्‍यौं। तर, न सरकारले काम गरेको पैसा भुक्तानी गरेको छ न त क्षतिपूर्ति पाएका छौं।' उनले भेरिएसन स्वीकृत नहुँदा बिमाबाट समेत क्षतिपूर्तिको पैसा पाउन नसकेको बताए।

'बर्खा अगावै गाइडबन्डको काम गर्न नसकिए बाढीले ठूलो क्षति हुने जोखिम छ,' उनले भने, 'काम गरेको २१ करोड रकम सरकारले भुक्तानी गर्न बाँकी छ।'

» बाँकी पृष्ठ ६